गौ.गा.का.पा.बै.सं-०३/२०८२/०८३

आज मिति २०८२/०६/०९ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग बहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री बरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र बहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री बोम बहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री तुल्सीराम पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गा प्रसाद सुवेदी - प्रशासकीय अधिकृत

प्रेम बहादुर कुँवर - लेखापाल

Scanned with CamScanner

## निर्णयहरु

**निर्णय नं. १ : विद्यालय सहयोगी पद अभिलेखिकरणको लागि पत्राचार गर्ने सम्बन्धमा ।**

गौमुखी गाउँपालिका वडा नं. २ मा अवस्थित बाइचौर प्राथमिक विद्यालय कक्षा १ सम्म सञ्चालन भएको र कक्षा १ सम्म सञ्चालन भएको विद्यालयहरुमा संघिय सरकारबाट शसर्त अनुदान मार्फत तलबभत्ताको व्यवस्थापन भई राखेको अभ्यासको आधारमा बाइचौर प्राथमिक विद्यालय, गौमुखी गाउँपालिका ३,प्यूठानको लागि विद्यालय सहयोगी पद सिर्जना गरि अभिलेखिकरणको लागि शिक्षा विकास तथा समन्वय इकाई प्यूठानमा पत्राचार गर्ने सर्वसम्मतरुपमा निर्णय गरियो।

**निर्णय नं २ : प्राकृतिक स्रोत सङ्कलन तथा विक्रीको आन्तरिक आय ठेक्का लगाउन स्वीकृत दिने ।**

कार्यपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार राजश्व परामर्श समितिको मिति २०८२/०४/१२ को सिफारिस अनुसार यस गाउँपालिका अन्तर्गत झिमरुक खोलाका विभिन्न घाटहरुमा चालु आ.व.२०८२/०८३ लागि कुल १११००० (एकं लाख एघार हजार) क्यू फिट परिमाणको मात्र प्रदेश आर्थिक ऐन २०८२ अनुसार प्रति क्यूब फिट रु ६.६० का दरले रु ७,३२,६००/- (अक्षेरुपी सात लाख बत्तिस हजार छ सय मात्र). को ढुङ्गा,गिटि,वालुवा तथा ग्राभेल सङ्कलन तथा विक्री सम्वन्धि ठेक्का बन्दोबस्त गर्न स्वीकृत दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३ : दररेट स्वीकृत गर्ने ।**

चालु आर्थिक वर्ष २०८२/०८३ का जिल्ला स्तरीय दररेट निर्धारण समितिले निर्धारण गरेको जिल्ला दररेटलाई यस गौमुखी गाउँपालीकामा लागु गर्नेगरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

Scanned with CamScanner